सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
धनगढी, कैलाली



# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गरेको अवधि :- २०८३ वैशाख १ गते देखी २०८३ असार मसान्त सम्म

## १. मन्त्रालयको स्वरुप र प्रकृति

यस मन्त्रालयको कार्यक्षेत्र भित्र उद्योग, वाणिज्य तथा आपूर्ति, पर्यटन, वन, वातावरण तथा जलवायु परिवर्तन अनुकूलन र विज्ञान तथा प्रविधि जस्ता बिषयहरू समेटिएका छन् । यस मन्त्रालयमा ५ वटा महाशाखा र ती महाशाखहरु अन्तर्गत १४ वटा शाखा रहने गरी संगठन संरचना स्वीकृत भएको छ । मन्त्रालय अन्तर्गत वन निर्देशनालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन ईकाई, १० वटा डिभिजन वन कार्यालय, ४ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालय, ९ वटा घरेलु तथा साना उद्योग कार्यालय र ४ वटा विकास समितिहरु (खप्तड, रामरोशन, बैद्यनाथ र बडिकेदार) गरी जम्मा ३१ वटा कार्यालयहरू स्थापना भई संचालनमा आएका छन् ।

## २. कार्यालयको काम कर्तव्य र अधिकार/कार्यविभाजन नियमावली, २०८१

सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ बमोजिम यस मन्त्रालयको काम, कर्तव्य र अधिकार यस प्रकार रहेका छन् ।

१.व्यापार/बाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण;

२. प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन;

३. ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यबस्थापन;

४. नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता;

५. व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन;

६. खानी तथा खनीज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून,मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन्, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसंग समन्वय;

७. भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी;

८. कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन;

९. उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन;

१०. प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष क्षेत्रको स्थापना, सञ्चालन र विस्तार;
११. औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन;
१२. सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन;
१३. उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन;
१४. मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् नियमन;
१५. संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन;
१६. उपभोक्ता अदालत गठन र सञ्चालन
१७. अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यबस्था, मौज्दातको व्यबस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय;
१८. लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन;
१९. करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन ;
२०. संघ संगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन;
२१. दामासाहिमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयनर नियमन;
२२. प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यबस्थापन;
२३. प्रदशस्तरमा ईन्धनको गुणस्तर अनुगमन;
२४. संघीय कानून बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी;
२५. प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन;
२६. औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यबस्थापन;
२७. उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग;
२८. स्वरोजगारका लागी उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यबसाय प्रवर्द्धन सहायता;
२९. प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन;
३०. पर्यटक प्रहरी व्यवस्थापन;

३१. पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, र्याफ्टिङ्ग आदिको दर्ता अनुमति नवीकरण र नियमन;
३२. प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन ;
३३. वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण;
३४. वन वनस्पति वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन;
३५. प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन;
३६. हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन;
३७. जडिबुटी खेती प्रविधि प्रवर्द्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्यांक संकलन;
३८. वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रबाह;
३९. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग ;
४०. प्रदेशस्तरमा वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन;
४१. प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँड;
४२. प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन;
४३. प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन;
४४. प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना;
४५. प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार;
४६. प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन;
४७. प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा बिद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण;
४८. प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रकृया र हरित क्षेत्र प्रवर्द्धन;
४९. प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन;
५०. प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परीक्षण;
५१. भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, बर्गिकरण, संरक्षण र व्यवस्थापन;
५२. संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण;
५३. अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन;

५४. वृक्षारोपणको लागी दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउबगैंचा स्थापना र व्यवस्थापन ;

५५. प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानून तथा मापदण्ड, तर्जुमा, कार्यान्वयन र नियमन;

५६. प्रदेशभित्र जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन;

५७. वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन;

५८. प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन र सर्वेक्षण र जनशक्ति विकास र उपयोग;

५९. वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास;


६०. विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन ।

## ३ मन्त्रालयको सँगठन सँरचना र मन्त्रालयमा कार्यरत कर्मचारीको विवरण

### क) मन्त्रालयको सँगठन सँरचना

मन्त्रालयको वर्तमान सांगठनिक संरचना अनुसार ५ वटा महाशाखा र १४ वटा शाखाहरु रहेका छन् । यस मन्त्रालयमा ४५ जनाको स्वीकृत स्थायी दरबन्दी रहेको छ । यस मन्त्रालयको प्रमुख प्रदेश सरकारको सचिव (रा. प. प्रथम श्रेणी) को दरबन्दी रहेको छ । प्रदेश सचिव मातहत रहेका ५ वटा महाशाखाहरुमा प्रत्येकमा अधिकृतस्तर नवौं तहको १/१ जनाको दरबन्दी रहेको छ । प्रत्येक शाखाको कार्य सम्पादनको लागी शाखाको कार्यबोझ अनुसार अधिकृतस्तर आठौं/सातौं देखि कार्यालय सहयोगीसम्मका कर्मचारीहरुको दरबन्दी रहेको छ । यस मन्त्रालयमा रहेका महाशाखा र शाखाको कार्य विवरण यस प्रकार रहेको छ।

# मन्त्रालयको सँगठन तालिका




## ख) मन्त्रालयमा कार्यरत कर्मचारीहरुको विवरण

| क.सं. | कर्मचारीकोनाम, थर | पद | महाशाखा/शाखा | सम्पर्कनम्बर |
|---|---|---|---|---|
| १ | श्री दीर्घनारायण कोइराला | प्रदेश सचिव | | ९८५८४२२५०७ |
| २ | श्री भरत प्रसाद श्रेष्ठ | उपसचिव | विज्ञान, वातावरण तथा जलवायु परिवर्तन महाशाखा | ९८५८४७६९४२ |
| ३ | श्री भोजराज पाठक | उपसचिव | वन व्यवस्थापन तथा जैविक विविधता महाशाखा | ९८४८४२४१६३ |
| ४ | श्री भुपेन्द्र सिंह धामी | उपसचिव (लेखा) | आर्थिक प्रशासन महाशाखा | ९८५८४७६९४३ |
| ५ | श्री झपि राज ओझा | उपसचिव | प्रशासन, योजना तथा अनुगमन महाशाखा; वाणिज्य तथा आपूर्ति महाशाखा; औद्योगिक तथा पर्यटन महाशाखा | ९८४८४९५४४२ |

| क.सं. | कर्मचारीकोनाम, थर | पद | महाशाखा/शाखा | सम्पर्कनम्बर |
|---|---|---|---|---|
| ६ | श्री नृपेश अवस्थी | वरिष्ठ भु संरक्षण अधिकृत | भू तथा जलाधार शाखा | ९८४९०३१२५० |
| ७ | श्री बिजयराज ओझा | कानुन अधिकृत | कानून तथा फैसला कार्यान्वयन शाखा | ९८४३६२२०५२ |
| ८ | श्री शिवराज अवस्थी | वन अधिकृत | वन व्यवस्थापन तथा उद्यम शाखा | ९८४८७६३३४४ |
| ९ | श्री दान बहादुर थापा | वन अधिकृत | जलवायु परिवर्तन तथा जलवायु वित्त शाखा | ९८६३१८५८३५ |
| १० | श्री पवित्रा गोतामे | वन अधिकृत | वन्यजन्तु संरक्षण शाखा | ९८४६३७८७५८ |
| ११ | श्री दिलिप सिंह साउद | अधिकृत | पर्यटन शाखा | ९८६४९७२९४४ |
| १२ | श्री मानसिंह साउद | अधिकृत | उद्योग शाखा | ९८४८८५३०८६ |
| १३ | श्री सुनिता कुमारी माली | कम्प्युटर अधिकृत | प्रशासन/सुचना प्रविधि शाखा | ९८४३३१६०७७ |
| १४ | श्री हरिदत्त भट्ट | अधिकृत छैठौ | जिन्सी शाखा | ९८४८७२८५६२ |
| १५ | श्री दिनेश कुमार गुप्ता | अधिकृत छैठौ | | |
| १६ | श्री भक्त सिंह कुँवर | अधिकृत छैठौ | | |
| १७ | श्री ओम प्रकाश उपाध्याय | रेञ्जर | वातावरण शाखा | ९८५११०५५४८ |
| १८ | श्री प्रतिमा न्यौपानी | भू संरक्षण सहायक | भू तथा जलाधार शाखा | काजमा |
| १९ | श्री अर्जुन चौधरी | का.स | | ९८४८४७०४७५ |
| २० | श्री प्रेमराज जैशी | का स | | ९८४८५३४५२६ |
| २१ | श्री रामचन्द्र जोशी | का स | | ९८४७०८५६८२ |
| २२ | श्री भैरवकुँवर | का स | | ९८४८६०७१५७ |
| २३ | श्री चक्रब थलाल | का स | | ९८४८५४४८७२ |
| २४ | श्री हरिशचन्द्र ओझा | हसचा | | ९८६९४७३६२५ |
| २५ | श्री महेन्द्र सिंह ठगुन्ना | हसचा | | ९८६५८८३८९० |
| २६ | श्री आशा राम चौधरी | हसचा | | ९८०४६५०७५९ |
| २७ | श्री राम महरा | हसचा | | ९८४४१६५९९५ |

## ४ यस मन्त्रालयबाट प्रदान गरिने सेवा

सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमाली, २०८१ ले तोके बमोजिमका कार्यहरु ।

## ५ निर्णय गर्ने प्रकृया र अधिकार

कुनै पनि निर्णय विभिन्न महाशाखा र शाखाहरुबाट शाखा अधिकृतबाट टिप्पणी उठाई, सो टिप्पणी स्वीकृत गरिने वा निर्णयको प्रकृति र गम्भिरताका आधारमा माननीय मन्त्रीज्यूबाट पनि स्वीकृत गरिने ।

## ६ निर्णय उपर उजुरी सुन्ने अधिकारी

यस मन्त्रालयबाट उपलब्ध गराईएका सेवा उपर चित्त नबुझेको खण्डमा मन्त्रालयका सचिव समक्ष उजुरी गर्न सकिनेछ ।

## ७ सम्पादन गरेको कामको विवरण

यस मन्त्रालयले मिति २०८३ वैशाख १ गते देखि २०८३ असार मसान्त सम्ममा सम्पादन गरेको कामको विवरण निम्नानुसार रहेको छ ।

### १. <u>मन्त्रालयबाट सम्पादित कार्यहरु</u>

- जलवायु उत्थानशिल भू परिधि तथा जीविकोपार्जन आयोजना अन्तर्गत प्रदेशस्तरमा आयोजना समन्वय तथा व्यवस्थापन इकाई स्थापना भएको र मातहतको आयोजना कार्यान्वयन इकाईसँग क्रियाकलाप कार्यान्वयनमा प्राविधिक एवं प्रशासनिक सहजिकरण गरेको।
- जलवायु उत्थानशिल भू परिधि तथा जीविकोपार्जन आयोजना अन्तर्गत बाजुरा जिल्ला अभिमुखीकरण गोष्ठी सञ्चालन गरिएको र आयोजनाको केन्द्रिय इकाईसँग समन्वय गरी डडेल्धुरा जिल्लामा सबै कार्यान्वयन इकाईका प्रमुख एवं जिम्मेवार कर्मचारीहरूलाई क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको । यसैगरी, ADB अन्तर्गत Review Mission लाई सहजिकरण गरिएको ।
- दार्चुला, बैतडी र डोटी जिल्लाका जम्मा १० वटा पालिकामा Restoration of Forests and Mountain Ecosystems (ReFaME) आयोजना सञ्चालन हुने गरी FAO, GEF, नेपाल सरकार वन तथा वातावरण मन्त्रालय र सुदूरपश्चिम प्रदेश सरकारसँगको संयुक्त MOU भई आगामी आर्थिक वर्षको लागि वार्षिक योजना तयारी गरेको । उक्त आयोजनाको Inception workshop डोटी जिल्लामा सञ्चालन गरिएको ।
- डडेल्धुरा जिल्ला डिभिजन वन कार्यालय अन्तर्गत जिल्ला वन पैदावार आपूर्ति समितिको वार्षिक कार्ययोजना स्वीकृत भएको ।
- मन्त्रालयद्वारा वार्षिक योजना तर्जुमा गोष्ठी सञ्चालन गरी मातहतका निकायहरूलाई आगामी आ.व. का लागि योजना प्रविष्टि, मापदण्ड लगायतका विषयमा छलफल एवं निर्देशन दिई सोही बमोजिम नियमानुसार वार्षिक विकास कार्यक्रमहरू PLMBIS मा प्रविष्टिको कार्य भएको । यसमा मन्त्रालयस्तरीय बजेट तर्जुमा समिति गठन भई मन्त्रालय एवं मातहतका निकायहरूको आगमी आ.व. को वार्षिक कार्यक्रम तर्जुमा एवं प्रविष्टिमा समन्वय, सहकार्य एवं सहजिकरण गरेको ।

- स्नातक तथा स्नातकोत्तर तहका विद्यार्थीहरूको लागि सोधपत्र अध्ययन सहयोगका लागि Research Grant प्रदान गर्ने स्वीकृत कार्यक्रम अन्तर्गत छनौट भएका विद्यार्थीहरूको सोधपत्रको Zoom platform मार्फत् प्रस्तुतिकरण, सोधपत्र उपर सुझाव एवं पृष्ठपोषण प्रदान गरी नियमानुसार भुक्तानी गरेको ।
- मन्त्रालयबाट वातावरणीय अध्ययन प्रतिवेदन अन्तर्गत ७ वटा प्रारम्भिक वातवरणिय परीक्षणको कार्यसूची (३ वटा खोटो, १ वटा इटा उद्योग, १ वटा खाने तेल उद्योग, १ वटा पशुपंक्षी दान उत्पादन, १ वटा सर्वोत्तम पेन्ट्स उद्योग) र ३ वटा प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन (२ वटा खोटो संकलन, १ वटा पेलेट दाना उद्योग) र १ वटा सडक विषयक (दोगडा गर्जे सिगास सकड) को वातावरणीय प्रभाव मूल्यांकनको प्रतिवेदन स्वीकृत भएको ।
- दार्चुला जिल्लाको मार्मा गाँउपालिका र वैतडी जिल्लाको दोगडाकेदार गाँउपालिकामा उपभोक्ता हक अधिकार सम्बन्धी एक दिने सचेतना कार्यक्रम सञ्चालन गरिएको । उक्त कार्यक्रमबाट करिव १८० जना उपभोक्ताहरू लाभान्वित भएका थिए र सो कार्यक्रममा स्थानीय जनप्रतिनिधि, बजार व्यवसायी तथा स्थानीय उपभोक्ताहरू, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरू, घरेलु तथा साना उद्योग कार्यालयका कर्मचारीहरू, सुरक्षा निकायका प्रतिनिधि लगायतको सहभागिता रहेको ।
- मातहतका निकायहरुको चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमहरुमा कार्यान्वयनमा आवश्यकता अनुसार सहजिकरण एवं अनुगमन गरिएको ।
- सेवाग्राही सहायता कक्षा सञ्चालन ।
- कर्मचारीहरुको आन्तरिक क्षमता अभिबृद्धि गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याई सुशासन प्रवर्द्धनमा टेवा पुर्याउने उद्देश्यले कर्मचारीहरुले १५ मिनेट नियमित सामुहिक ध्यान योग गर्ने गरेको ।

## २. हालसम्म स्वीकृत भएका मन्त्रालयसंग सम्बन्धित कानूनहरुको विवरण

**ऐनहरु**

- प्रादेशिक औद्योगिक व्यवसाय ऐन, २०७५
- निजी व्यवसाय दर्ता ऐन, २०७६
- साझेदारी व्यवसाय दर्ता ऐन, २०७६
- सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७७
- सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७
- सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७

**स्वीकृत नियमावली**

सुदूरपश्चिम प्रदेश वन नियमावली, २०७८

**निर्देशिकाहरु**

- सुदूरपश्चिम प्रदेसस्तरीय संयुक्त बजार अनुगमन निर्देशिका, २०७६
- सुपथमुल्य पसल एवं लघु घरेलु उद्योग सञ्चालन तथा प्रबर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६
- सुदूरपश्चिम प्रदेश सामुदायिक वनको काठ दाउरा संकलन तथा बिक्री वितरण (पहिलो संशोधन) निर्देशिका, २०८१

**कार्यविधिहरु**

- सुदूरपश्चिम प्रदेश नदिजन्य पदार्थ ब्यबस्थापन कार्यविधी, २०७५ (संशोधन २०८०)
- प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन ईकाई सञ्चालन कार्यविधी, २०७५
- नविन उद्यम स्थापनाका लागी अनुदान वितरण सम्बन्धि कार्यविधि, २०७७
- वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ (वन वातावरण तथा भूसंरक्षण, उद्योग तथा वाणिज्य र पर्यटन सम्बन्धि)

**गठन आदेश**

- खप्तड पर्यटन विकास समिति गठन आदेश, २०७५ (संशोधन २०८१)
- रामारोशन क्षेत्र पर्यटन विकास तथा ब्यबस्थापन समिति गठन आदेश, २०७६ (संशोधन २०८१)
- वैद्यनाथ क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति गठन आदेश, २०७७
- बडिकेदार क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति गठन आदेश, २०७७

**मापदण्ड**

वन पैदावारमा आधारित उद्योग र राष्ट्रिय वन बिचको दुरी सम्बन्धी मापदण्ड, २०८०

## ८ सुचना अधिकारी, प्रवक्ता र सचिवको नाम र पद

**सुचना अधिकारी**

नाम :- भोज राज पाठक

पद :- उपसचिव

सम्पर्क नं. - ९८४८४२४१६३

**प्रवक्ता**

नाम :- भरत प्रसाद श्रेष्ठ

पद :- उपसचिव

सम्पर्क नं. - ९८५८४७६९४२

**सचिव**

नाम :- दीर्घनारायण कोइराला

पद :- सचिव

सम्पर्क नं. - ९८५८४२२५०७

## ९ मन्त्रालय र मन्त्रालय मातहत निकायको वार्षिक वित्तीय प्रगतिको अद्यावधिक विवरण

### ९.१. कुल बजेट विनियोजन र खर्चको अवस्था

| बजेटको विवरण | विनियोजित रकम रु | खर्च रु | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | १,०२,५६,५६,३७५ | ७०,६५,९६,३५८.८८ | ६८.८९ |
| पुँजिगत तर्फ | १,१९,५३,१४,९८६ | ८८,०५,५९,३५१.८१ | ७३.६६ |
| **जम्मा** | २,२२,०९,७१,३६१ | १,५८,७१,५५,७१०.६९ | ७१.४६ |

### ९.२. स्रोतगत बजेट विनियोजन र खर्चको अवस्था

| विवरण | | प्रदेश सरकार तर्फ | संघ सशर्त तर्फ | कैफियत |
|---|---|---|---|---|
| **चालु** | विनियोजन | ९२६८०७ | १००२४९ | |
| | खर्च | ६६५८२२ | ४२१०३ | |
| | **खर्च प्रतिशत** | **७१.८४** | **४१.९९** | |
| **पूजीगत** | विनियोजन | ८९१६४४ | ३००९४७ | |
| | खर्च | ७९९१५९ | ८०२०७ | |
| | **खर्च प्रतिशत** | **८९.६२** | **२६.६५** | |
| **जम्मा** | विनियोजन | १८१८४५१ | ४०११९६ | |
| | खर्च | १४६४९८१ | १२२३१० | |
| | **खर्च प्रतिशत** | **८०.५६** | **३०.४८** | |

### ९.३. प्रदेश सरकार तर्फ कार्यालयगत बजेट विनियोजन तथा खर्चको अवस्था

| सि.नं. | कार्यालयको नाम | प्रदेश सरकार तर्फको | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विनियोजना | | | खर्च | | |
| | | चालु | पुजीगत | जम्मा | चालु | पूजीगत | जम्मा |
| 1 | उ.प.व.वा मन्त्रालय | ८९७४७ | ४८५० | ९४५९७ | ३६१०० | १०७७ | ३७१७७ |
| २ | वन निर्देशनालय | ३१५६९.५ | ८३०५ | ३९८७४.५ | १९७५२.९१ | ६५३०.७७ | २६२८३.६८३ |
| ३ | उ.वा.उ.हित संरक्षण निर्देशनालय | २५५६४ | ९५५ | २६५१९ | १५३४०.१ | ८५५ | १६१९५.१० |

| सि.नं. | कार्यालयको नाम | प्रदेश सरकार तर्फको | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विनियोजना | | | खर्च | | |
| | | चालु | पुजीगत | जम्मा | चालु | पूजीगत | जम्मा |
| ४ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | १६५१४ | २०३० | १८५४४ | १२१६५.९ | २०१६ | १४१८२.२२ |
| ५ | प्रदेश पर्यटन विकास कार्यक्रम का.इकाई | २१९१० | ४२२३३३.९ | ४४४२४३.९ | १८२६८.०६ | ३९४३६३ | ४१२६३१ |
| ६ | खप्तड क्षेत्र पर्यटन विकास तथा व्य. समिति | ३८७४ | २००० | ५८७४ | ३३४९ | १७९४ | ५१४२ |
| ७ | रामारोशन पर्यटन विकास तथा व्य समिति | ३०३५ | ५००० | ८०३५ | २८७० | ४७५० | ७६२१ |
| ८ | वैद्यनाथ पर्यटन विकास तथा व्य. समिति | १५२५ | १००० | २५२५ | १५२२ | ९९९ | २५२१ |
| ९ | बडिकेदार पर्यटन विकास तथा व्य समिति | १२५० | १००० | २२५० | ९८१ | ९८५ | १९६५ |
| १० | डि.व.का कैलाली | ८४८८८.४५ | १५००० | ९९८८८.४५ | ७९८४८.१४९ | १२०८१.४ | ९१९२९.५४४ |
| ११ | डि.व.का पहलमानपुर | ८१०८० | १३५०० | ९४५८० | ६४०९९ | ९५३९ | ७३६३८ |
| १२ | डि.व.का कञ्चनपुर | ६२९८१ | १७२०० | ८०१८१ | ५०२७६.०४ | ११६९९.९ | ६१९७५.९७ |
| १३ | डि.व.का डडेल्धुरा | ७४१४१.६ | ५९८२.४७१ | ८०१२४.०७ | ५०५१९.१८९ | ५६४९.०९ | ५६१६८.२७९ |
| १४ | डि.व.का डोटी | ४१७४३ | ६२०५ | ४७९४८ | ३२७३३.८२४ | ५९२८.५६ | ३८६६२.३८५ |
| १५ | डि.व.का अछाम | ४७५५१ | ५६५० | ५३२०१ | ३१९७१ | ४३०० | ३६२७१ |
| १६ | डि.व.का बाजुरा | ४८६०३ | ३२५० | ५१८५३ | २७६९६.६२ | १९६६.७५ | २९६६३.३७ |
| १७ | डि.व.का बैतडी | ४१९०३ | ६११५ | ४८०१८ | ३१८३३.२६३ | ४५८७ | ३६४२०.२६३ |
| १८ | डि.व.का बझाङ | ४३९३३ | १६०० | ४५५३३ | २४७९३.९५५ | १०६६.९३ | २५८६०.८८५ |
| १९ | डि.व.का दार्चुला | २८६४९ | ३५७१.५८४ | ३२२२०.५८ | १७७७३.९४६ | ३५७१.५८ | २१३४५.५३ |
| २० | भू तथा जलाधार व्यवस्थापन का. कैलाली | १२३९४ | ४८९७५ | ६१३६९ | ९३८९.२९७ | २७६५६.३ | ३७०४५.६३७ |
| २१ | भू तथा जलाधार व्यवस्थापन का. डडेल्धुरा | १७८४५ | ८३१८६ | १०१०३१ | १११३८.८१५ | ७८९५६.१ | ९००९४.८९४ |
| २२ | भू तथा जलाधार व्यवस्थापन का. डोटी | १५५७६ | ६५१०० | ८०६७६ | ११३१० | ५६८७४.५ | ६८१८४.५३५ |
| २३ | भू तथा जलाधार व्यवस्थापन का. दार्चुला | १०९१८ | १५२७०० | १६३६१८ | ८७८४ | १४८०४३ | १५६८२७ |
| २४ | घरेलु तथा साना उद्योग का. कैलाली | २०३१० | ५७३५ | २६०४५ | १७३७३.७४ | ४१६४ | २१५३७.३६ |
| २५ | घरेलु तथा साना उद्योग का. कञ्चनपुर | १६१८४ | २००० | १८१८४ | ११९१२.८३ | १७४६ | १३६५८.९१५१ |
| २६ | घरेलु तथा साना उद्योग का. डडेल्धुरा | १३२१० | १००० | १४२१० | ११४१२.९ | ९९४ | १२४०७.२८५८ |
| २७ | घरेलु तथा साना उद्योग का. डोटी | १११८२ | १००० | १२१८२ | ११०५५.२५ | ९८९ | १२०४३.९३१४ |

| सि.नं. | कार्यालयको नाम | प्रदेश सरकार तर्फको | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विनियोजना | | | खर्च | | |
| | | चालु | पुजीगत | जम्मा | चालु | पूजीगत | जम्मा |
| २८ | घरेलु तथा साना उद्योग का. अछाम | १२६१६ | २००० | १४६१६ | १२२४१.४ | १९७६ | १४२१७.०७८५ |
| २९ | घरेलु तथा साना उद्योग का. बाजुरा | ११५४८ | १००० | १२५४८ | १०२२५.२ | ९८३ | ११२०८.४८३५ |
| ३० | घरेलु तथा साना उद्योग का. बैतडी | १००१६ | १००० | ११०१५.५ | ८४३१ | ६९५ | ९१२५.९२७ |
| ३१ | घरेलु तथा साना उद्योग का. बझाङ | १३२६४ | १४०० | १४६६४.०८ | ११०४३ | १३६५ | १२४०८.७४१ |
| ३२ | घरेलु तथा साना उद्योग का. दार्चुला | ११२८३ | १००० | १२२८३ | ९६११ | ९५७ | १०५६७.९७९ |

## ९.४. संघ सशर्त तर्फको बजेट विनियोजन तथा खर्चको अवस्था

| सि.नं. | कार्यालयको नाम | संघ सशर्त तर्फको | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विनियोजन | | | खर्च | | |
| | | चालु | पूजीगत | जम्मा | चालु | पूजीगत | जम्मा |
| १ | उ.प.व.वा मन्त्रालय | ४५६२६ | ३४८०० | ८०४२६ | ११२१.७ | २३६३.२ | ३४८४.९ |
| २ | वन निर्देशनालय | ० | ० | ० | ० | ० | |
| ३ | उ.वा.उ.हित संरक्षण निर्देशनालय | ० | ० | ० | ० | ० | ० |
| ४ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ० | ० | ० | ० | ० | ० |
| ५ | प्रदेश पर्यटन विकास कार्यक्रम का.इकाई | १३२४ | ७४०४७ | ७५३७१ | ० | ० | ० |
| ६ | खप्तड क्षेत्र पर्यटन विकास तथा व्य. समिति | ० | ० | ० | ० | ० | ० |
| ७ | रामारोशन पर्यटन विकास तथा व्य समिति | ० | ० | ० | ० | ० | |
| ८ | वैद्यनाथ पर्यटन विकास तथा व्य. समिति | ० | ० | ० | ० | ० | ० |
| ९ | बडिकेदार पर्यटन विकास तथा व्य समिति | ० | ० | ० | ० | ० | ० |
| १० | डि.व.का कैलाली | १२५२६ | ८९०० | २१४२६ | १२०७६ | ८५५३.८ | २०६३० |
| ११ | डि.व.का पहलमानपुर | १२७८० | ३४००० | ४६७८० | ९३९४ | १७१५९ | २६५५३ |
| १२ | डि.व.का कञ्चनपुर | १०९४४ | १४४०० | २५३४४ | ९५८१.६ | ९२२२.९ | १८८०४ |
| १३ | डि.व.का डडेल्धुरा | १८७८ | ८९०० | १०७७८ | १७८३.७ | ११६६ | २९४९.७ |
| १४ | डि.व.का डोटी | २८०० | २४०० | ५२०० | १९७९.१ | १०४५.२ | ३०२४.३ |
| १५ | डि.व.का अछाम | २००० | ५१०० | ७१०० | १४२८ | १५०३ | २९३१ |
| १६ | डि.व.का बाजुरा | २२७४ | ११६०० | १३८७४ | ८५६ | १७४.१८ | १०३०.२ |
| १७ | डि.व.का बैतडी | १५०० | ४८०० | ६३०० | ९२७ | ३२८० | ४२०७ |
| १८ | डि.व.का बझाङ | २५७४ | ८५०० | ११०७४ | १५०४ | ३४१७.१ | ४९२१.१ |
| १९ | डि.व.का दार्चुला | ७७५ | २९०० | ३६७५ | ६९८.५ | २३९८.७ | ३०९७.२ |
| २० | भू तथा जलाधार व्यवस्थापन का. कैलाली | ० | ५००० | ५००० | ० | ३४ | ३४ |
| २१ | भू तथा जलाधार व्यवस्थापन का. डडेल्धुरा | १६२४ | ३५१०० | ३६७२४ | ३०३.२७ | १३७०६ | १४००९ |

| सि.नं. | कार्यालयको नाम | संघ सशर्त तर्फको | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विनियोजन | | | खर्च | | |
| | | चालु | पूजीगत | जम्मा | चालु | पूजीगत | जम्मा |
| २२ | भू तथा जलाधार व्यवस्थापन का. डोटी | १६२४ | ३३००० | ३४६२४ | ४५० | ९३६५.२ | ९८१५.२ |
| २३ | भू तथा जलाधार व्यवस्थापन का. दार्चुला | ० | १७५०० | १७५०० | ० | ६८१९ | ६८१९ |
| २४ | घरेलु तथा साना उद्योग का. कैलाली | ० | ० | ० | ० | ० | ० |
| २५ | घरेलु तथा साना उद्योग का. कञ्चनपुर | ० | ० | ० | ० | ० | ० |
| २६ | घरेलु तथा साना उद्योग का. डडेल्धुरा | ० | ० | ० | ० | ० | ० |
| २७ | घरेलु तथा साना उद्योग का. डोटी | ० | ० | ० | ० | ० | ० |
| २८ | घरेलु तथा साना उद्योग का. अछाम | ० | ० | ० | ० | ० | ० |
| २९ | घरेलु तथा साना उद्योग का. बाजुरा | ० | ० | ० | ० | ० | ० |
| ३० | घरेलु तथा साना उद्योग का. वैतडी | ० | ० | ० | ० | ० | ० |
| ३१ | घरेलु तथा साना उद्योग का. बझाङ | ० | ० | ० | ० | ० | ० |
| ३२ | घरेलु तथा साना उद्योग का. दार्चुला | ० | ० | ० | ० | ० | ० |

**१० सार्वजनिक निकायको वेबसाईट भए सोको विवरण**

यस उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको वेबसाईट moitfe.sudurpaschim.gov.np रहेको छ ।

**११ सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान, एवं प्राविधिक सहयोग र सम्झौता**

यस मन्त्रालयले सोझै कुनै बैदेशिक सहायता, ऋण, अनुदान, एवं प्राविधिक सहयोग प्राप्त गर्ने गरी कुनै पनि सम्झौता नगरेको ।